# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## चौरपाटी गाउँपालिका
## अछाम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४९३

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

चौरपाटी गाउँपालिका, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४९४

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,
चौरपाटी गाउँ कार्यपालिकाको
कार्यालय, अछाम ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ५ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ७४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड १२ लाख ३७ हजार नियमित गर्नुपर्ने रु.२ करोड ७ लाख ४९ हजार र पेश्की बाँकी रु.७० लाख ३३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ३० (तिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# चौरपाटी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न चौरपाटीगाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो चौरपाटी गाउँपालिका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य १८२.१६ व.कि.मी.क्षेत्रफल, २५१४९ जनसंख्या सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** –आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ६०७०७२०३.२५ | **१** | **चालु खर्च** | | २८३८९९९८९ |
| | क) नगद | | ० | **२** | **पूँजीगत खर्च** | | १६७४४०३९८ |
| | ख) बैंक | | ० | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| **२** | **राजस्व (आन्तरिक आय)** | | ० | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | १४५३१२०९ | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ६३६६१९७४.०८ | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | **४** | **लगानी** | | ० |
| **३** | **वित्तीय हस्तान्तरण** | | ० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ८३५००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १४६३७२१४४ | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | **५** | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | | ० | **६** | **कोष खर्च** | | ० |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | **७** | **मौज्दात** | | २६६०९३८३.४९ |
| | क)वित्तीय समानीकरण अनुदान | | ६९५४००० | | क) नगद मौज्दात | | ० |
| | ख) सशर्त अनुदान | | ११५३२०० | | ख) बैंक मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | | ० | | | | ० |
| | घ) विशेष अनुदान | | ७५००००० | | | | ० |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | ० |
| **६** | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| **६** | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| **८** | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| **९** | **विषयगत निकायबाट प्राप्त रकम** | | ९३५१३००० | | | | ० |
| **१०** | **धरौटी आय** | | ० | | | | ० |
| **११** | **लगानीको साँवा फिर्ता** | | ० | | फरक | | ० |
| **१२** | **अन्य विविध आय** | | ५७०४०.१६ | | | | ० |
| | **जम्मा** | | **४७७९४९७७०.४९** | | **जम्मा** | | **४७७९४९७७०.४९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोबारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु. ३ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।५।२९ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने ब्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँ सभाबाट पारित भएको देखिएन । ऐनले तोकेको समयसीमाभित्र आय व्यय स्वीकृत गर्नेतर्फ प्रयास हुनुपर्दछ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नुपर्ने गरी तोकेको छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ९३ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु १ करोड ४५ लाख अर्थात अनुमान भन्दा ५५.९१% वढी आय प्राप्त गरेको छ । आयको अनुमान यर्थाथपरक बनाई आय आर्जनको स्थायी स्रोत वृद्धी गर्नेतर्फ थप पहल हुनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमूख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने ब्यवस्था भएकोमा यो बर्ष गाउँपालिकाको सभाले नीति तथा कार्यक्रम २०७५।३।१६ मा पेश भई २०७५।९।३० मा बजेट स्वीकृत गरेको छ । गाउँ प्रमूखले प्रमूख प्रशासकीय अधिकृतलाई २०७५।१०।१ मा रु.१७ करोड ८६ लाख ९ हजारको अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी गाउँसभाले नीति तथा कार्यक्रम साथ पारीत आय व्ययको विवरणमा आम्दानी ४७ करोड ७९ लाख ५० हजार खर्च ४२ करोड ८४ लाख १८ हजार उल्लेख गरेकोले संघ तथा प्रदेश स्तरीय कार्यक्रमको लागि प्राप्त आनुदान कूल बजेटमा नसमेटिएको अवस्था देखियो । | |

| क्षेत्र | कार्यक्रम संख्या | विनियोजन बजेट(रु.हजारमा) |
|---|---|---|
| क) गाउँपालिका स्तरिय कार्यक्रमहरु | | |
| आर्थिक विकास | ७ | १२६०० |
| सामाजिक विकास | ३३ | ३१८९७ |
| पूर्वाधार विकास | २४ | ३८८०० |

| | | |
|---|---|---|
| वन तथा वातावरण | ५ | ४३५० |
| सुशासन | ४ | २३०० |
| अवण्डा | ३ | १६५४० |
| | जम्मा | १०६४८७ |
| ख) वडा स्तरिय कार्यक्रम | | |
| वडा नं.१ | १० | ५२४८ |
| वडा नं.२ | १३ | ३९५० |
| वडा नं.३ | १० | २८८५ |
| वडा नं.४ | ८ | ५२०० |
| वडा नं.५ | १२ | ४००० |
| वडा नं.६ | ८ | २६०० |
| वडा नं.७ | ५ | २३४० |
| | जम्मा | २६२२३ |
| ग) गत बर्षको नगद बाँकीबाट सञ्चालनमा ल्याउने कार्यक्रम | | |
| चौरपाटी लुडग्रा सडक कटिङ्ग | १ | ९०० |
| वडा नं.४ वडा कार्यालय पर्खाल | १ | १४८ |
| मार्कु वडामा शिप विकास तालिम | १ | १५० |
| विविध भैपरी आउने | | ३१६५ |
| | जम्मा | ४३६३ |
| कूल जम्मा (क+ ख + ग) | | १३७०७३ |

३. **आन्तरिक आय सम्वन्धमा :** गाउँपालिकाले यो वर्ष रु १४५३१२०९। आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ७ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण (म.ले.प.फा.नं. १०८ र २३) समेत वनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अत प्रत्येक वडाले मासिक आय विवरण तयार गरी केन्द्रमा (गाउँपालिका) पठाउने र गाउँपालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आन्तरिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।

४. **आयव्ययको लेखा :**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखियो । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ ।

५. **मध्यकालिन खर्च संरचना :**

| | | |
|---|---|---|
| | अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको देखिएन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषणबाट लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा  निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **<u>नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :</u>**<br>निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिल व्यवस्थाहरु कार्यान्वयन भएको देखिएन :<br>● *आर्थिक विकास अन्तर्गत कृषि पर्यटन रोड अर्गानिक खेतीमा जोडका कार्यक्रम प्राथमिकतामा राख्न  नसकिएको, एक वडा एक प्राविधिकको कार्यक्रम कार्यान्वयनमा ल्याउन नसकिएको । गोठ देखि ओठसम्म स्वच्छ दुध व्यवस्थापनका कार्यक्रममा बजेट छुट्याउन नसकिएको । उद्यम विकास कोष स्थापना हुन नसकेको ।*<br>● *सामाजिक विकास अन्तर्गत शिक्षा विशेष कोष (बालहितकोष) को स्थापना हुन नसकेको । गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको अध्ययन सम्पन्न गर्ने भनेकोमा बजेट विनियोजन समेत नभएको ।*<br>● *सुशासन तथा सस्थागत विकास अन्तर्गत कर्मचारीको अभावमा जनता र जनप्रतिनिधि, जनता र कर्मचारी कार्यक्रमले सफलता पाउन नसकेको ।*<br>● *पूर्वाधार विकास अन्तर्गत चक्रपथको अवधारणा अनुसार विषेश रिङ्गरोडको ट्रयाक खोल्ने कार्य सम्पन्न हुन नसकेको, ग्रामिण उर्जालाई केन्द्रिकृत गर्ने नीति अवलम्वन गर्न नसकीएको एक घर एक शेयर कार्यक्रमले मूर्तरुप लिन नसकेको ।*<br>● *समग्रमा बजेट कार्यान्वियन बर्षको रुपमा आ.व.०७५।७६ लाई लिने अवधारणा आशिंक कार्यान्वियनमा आएको ।* | |
| ८. | **बजेट तथा अख्तियारी :** गाउँसभाको २०७५ आषाढ १० गते नीति तथा कार्यक्रम पेश गरेकोमा मिति २०७५।९।३० मा पारित भएको छ । जस अनुसार आय तर्फ २९ करोड ९८ लाख ६१ हजार तथा व्यय तर्फ चालु खर्च रु.५ करोड १४ लाख १२ हजार तथा पूँजीगत तर्फ रु.२६ करोड ६७ लाख ९२ हजार ,क्षेत्रगत कार्यक्रम रु.१५ करोड २५ लाख समेत रु.४७ करोड ७ लाख ३७ हजार | |

स्वीकृत भएकोमा उक्त बजेटबाट निम्नानुसारका कार्यक्रम कार्यान्वयनमा ल्याउने निर्णय भएको छ ।

| कार्यक्रम | बजेट (रु.हजारमा) |
|---|---|
| भवन निर्माण | १०७३६.३४ |
| फर्निचर फिक्चर्स | १००० |
| सवारी साधन | ६६०० |
| मेशिनरी औजार | ५९९५ |
| सडक तथा पुल निर्माण | ३९०१० |
| विद्युत संरचना निर्माण | १२०२५ |
| तटवन्ध,बाँध निर्माण | ५०५० |
| सिचाई संरचना निर्माण | ७३०० |
| खानेपानी संरचना निर्माण | ६५६५.४ |
| अन्य सार्वजनिक निर्माण | १५६७४.३५ |
| पूँजीगत अनुसन्धान | ३००० |
| भैपरी आउने | ८००० |
| क्षेत्रगत कार्यक्रम | ७९०८३ |

उपरोक्त क्षेत्रगत कार्यक्रम गाउँपालिका स्तरिय तथा वडा स्तरमा विभाजन गरी २२८ वटा योजना कार्यान्वयन भई रु.१८ करोड ९६ लाख ३२ हजार बजेट खर्च लेखेको छ । गाउँपालिकाबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका आयोजनासहित सबै आयोजनाको उपर्युक्त नियमबमोजिमको ढाँचामा प्रगति विवरण पेश हुन आएन । गाउँपालिकाले आफ्ना बार्षिक कार्यक्रम कार्यान्वयन गरी भौतिक र वित्तीय प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा वित्तीय प्रगति ९३.२५ प्रतिशत हासील भएको कार्यक्रमवाइज प्रगति दिएको छ । अतः स्वीकृत कार्यक्रम अनुसार बार्षिक भौतिक प्रगति तयार गरी समिक्षा गर्ने तर्फ गाउँपालिकाको विषेश पहल हुनुपर्दछ ।

९. **समपुरक र विषेश अनुदान :** सुदुर पश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं.२०७५।७६ चं.नं.६६४ मिति २०७६।१।२२ को समपुरक तथा विषेश अनुदान कार्यन्वयन मार्गदर्शन(च) समपुरक अनुदानबाट कार्यान्वयन गरिने योजनाको हकमा कूल लागतको ६० प्रतिशत सम्बन्धीत स्थानीय तहले व्यहोर्नु पर्ने र प्रदेशबाट वितरीत अनुदानको हिस्सा कुल लागतको ४० प्रतिशत मात्र खर्च गर्न मिल्ने उल्लेख छ । यस्ता योजना उपभोक्ता मार्फत खर्च गरी सञ्चालनमा ल्याउन नपाईने मा गाउँपालिकाको पटके निर्णयबाट रु.८३ लाख ७२ हजार नियमीत कार्यक्रममा खर्च गर्ने गरी न्यून बजेट पूर्ति गरेको बाँकी १६ लाख २८ हजारका योजना स्वीकृत भए पनि श्रोतको अनुपातिक खर्च गाउँपालिकाबाट नव्यहोरी प्रदेशको बजेट मात्र खर्च भएको देखियो ।यसरी खर्च हुने रकम शर्त अनुसार खर्च हुन नसकेको साथै स्वीकृत समपुरक अनुदानका कार्यक्रमहरु उपभोक्ता मार्फत गराउन नपाइने व्यवस्था विपरीत खर्च लेखेको रु. — १००००००० /-

१०. **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| | | |
|---|---|---|
| ११. | चौखुट्टे चौरपाटि सडक स्तरोन्नतीको लागत अनुमान रु.८६८९२७०। स्वीकृत भई उपभोक्ता समितिसँग सोही रकम बरावरको निर्माण सम्भौता सम्पन्न भएको छ । यस बर्ष विविध पूँजीगत शीर्षक राखी गाउँस्तरीय, वडास्तरीय,प्रदेश अनुदान समेतबाट प्रथम रनिङ्गबिलबाट रु.१८९२२३०।३३ तथा अन्तिम रनिङ्गबिलबाट रु.६८१६०४०।५२ समेत रु.८७०८२७०। (उपभोक्ता समितिको श्रमदान समेत) भुक्तानी भएको देखियो । अनुगमन प्रतिवेदनमा drainage को मापन प्राविधिक स्वीकृत स्टीमेट अनुसार हुन नसकेको बिलमा समेत Itemwise drainage को कार्य स्पष्ट नदेखिएकोले उक्त कार्य साँउद कन्स्ट्रक्सन मार्फत रु.४५६८१७६। भुक्तानीमा समावेश भएको देखिएकाले drainage को बास्तविक कार्यको बिल एकिन गरी भुक्तानी दिनुपर्नेमा पुरै बिल रकम भुक्तानी भएको हुदाँ सम्पन्न हुन नसकेको drainage को कार्य यकिन गरी सोवापत बढी भुक्तानी भएको रकम किटान गरी फिर्ता हुनुपर्दछ । | |
| १२. | **बजेट अवण्डा** :<br>गाउँपालिकाले रु.१ करोड ९७ लाख ५ हजार बराबरका कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अवण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १३. | **गत बर्षको जिम्मेवारी:**<br>गाउँपालिकाले आय व्ययको लेखाङ्कनमा गत बर्षको घटी जिम्मेवारी सार्न नहुनेमा गत बर्ष २०७४।७५ को अन्तिम बैंक मौज्दात रु.५९९३२०७१.२४ देखाएकोमा यो बर्ष सोही शुरु मौज्दात देखाउनु पर्नेमा आय व्यय विवरणमा रु.६०७०७२०३.२५ देखाएको छ । जिम्मेवारी फरक सार्दा अ.ल्या. कुल हिसाबमा रु.७७५१३२/०१ फरक देखिएकाले जिम्मेवारी नभिडेको हिसाब यकिन गरी मिलान गर्नुपर्ने रु. | ७७५१३२/०१ |
| १४. | **सशर्त अनुदानको रकम फिर्ता नगरेको** :गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा खर्च गर्न बाँकी रु.१०१४१९६।१० संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा २०७६।५।२५ सम्म पनि संघीय सञ्चितकोषमा दाखिला गरेको नदेखिएकोले सो रकम दाखिला गर्नुपर्ने रु<br>शीर्षक: बाँकी रकम<br>शिक्षातर्फ: ८६९८९५<br>बहुक्षेत्रीय पोषण: ६०<br>स्वास्थ्यतर्फ: १४४२४१.१<br>जम्मा: १०१४१९६.१ | १०१४१९६.१ |
| १५. | **बैंक हिसाव विवरण:** कार्यालयको खाता हिसाव र बैंकको हिसाव एक आपसमा मिलान हुनुपर्दछ । आय व्यय विवरण अनुसार गाउँपालिकाको आषाढ मसान्तमा बैंक मौज्दात रु.२६६०९३८३.४९ देखिएको छ । आषाढ मसान्तमा स्टेटमेन्ट अनुसार गाउँपालिका सञ्चित कोषमा रु.१६९७८८७०.६४ चालू खातामा रु.२५१२५३६५.८५ र पूँजीगत खातामा रु.१३४६५७ समेत जम्मा रु.४२२३८८९३.४९ देखाएकोले रु.१५६२९५१०। फरक परेको छ । सो फरक हिसावको बैंक हिसाव मिलान विवरण तयार गरी फरक रकम यकिन गरी मौज्दात मिलान हुनुपर्ने रु. | १५६२९५१०/- |
| १६. | **चौमासिक खर्च:**<br>वार्षिक कार्यक्रम तथा बजेट बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. २०२३३३७२५। निकासा भएकोमा प्रथम चौमासिकमा रु.२१००८९३७ अर्थात १०.३८ प्रतिशत, दोश्रो चौमासिकमा रु.५५६७६९२६।, अर्थात २७.५२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१३५६४७८६२, अर्थात ६२.१० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५९२१६८३१। अर्थात २९.३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम | |

| | | |
|---|---|---|
| | अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १७. | **राजश्व अभिलेख :** गाउँपालिकाले राजस्व आम्दानीको निर्णय तथा असुली र दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसबाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । आय प्राप्ति एवं दाखिला अभिलेख व्यवस्थापनमा गाउँपालिकाले बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १८. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १९. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु. ११९०४०००। तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २०. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले गाउँ प्रोफाइल तयारसम्म गरेको अवस्था छ भने स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २१. | **कर्मचारी ब्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३३ रहेता पनि ३ पदपूर्ति रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित ३० पद रिक्त रहेका छन् । तिमध्ये ५ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| २२. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र | |

| | | | |
|---|---|---|---|
| | सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>• मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको, | |

- कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण बनाई लागु नगरेको,
- कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

२३. **रसिद नियन्त्रण सम्वन्धमा :** कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गत बर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको वाकी रहेको मौज्दात समेत एकिन हुन सकेन । गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी खर्च भएका रसिदको सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । अतः गाउँपालिकाले आगामी दिनमा रसिद नियन्त्रण र ब्यवस्थापन सम्वन्धमा विशेष ध्यान पुर्‍याउनु पर्दछ ।

२४. **बार्षिक खरिद योजना/ गुरुयोजना -**
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५१९८११९३/ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५. ***सवारी साधन खरिदको विवरण*** *: गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः*

| क्र.सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | १४ | ३५००००० | कार्यालय प्रयोजन | ३ वटा यस वर्ष खरिद |
| २ | जीप | १ | ४५१०००० | कार्यालय प्रयोजन | |
| ३ | डोजर | १ | १२०००००० | कार्यालय प्रयोजन | |

सोमध्ये डोजरको उपयोग उपभोक्तसँग समन्वय गरी सडक निर्माण, मर्मत कार्यमा हुनुपर्दछ ।

२६. ***सेवाप्रवाहको स्थिति :***
*यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :*

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | उपलब्ध नभएको |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | |
| | **पञ्जिकरण तर्फ** | |

| | | |
|---|---|---|
| ७ | जन्मदर्ता | १२८१ |
| ८ | मृत्यू दर्ता | १३१ |
| ९ | बसाईसराई दर्ता | पेश नभएका |
| १० | बिबाहदर्ता | |
| ११ | सम्बन्ध विच्छेद दर्ता | |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | १५ |
| १३ | नागरिकता सिफारिस | १२६ |
| १४ | नाता प्रमाणित | २९७ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | अभिलेख राख्ने नगरेको |
| १६ | कालोपत्रे सडक मर्मत | |
| १७ | ग्राभेल सडक निर्माण | |
| १८ | ग्राभेल सडक मर्मत | |

*स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।*

२७. ***कानून निर्माण र कार्यान्वयन :***
*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :*

| ***सि.नं.*** | ***कानूनको नाम*** |
|---|---|
| *१.* | *विनियोजन विधेयक ऐन,२०७५* |
| *२.* | *फोहोर मैला व्यवस्थापन ऐन,२०७५* |
| *३.* | *स्थानीय शिक्षा ऐन,२०७५* |

२८. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनर्पर्ने व्यवस्था छ । कर्मचारी हित संग सम्वन्धित ऐनमा भएको सो व्यवस्था परिपालना गर्ने सम्वन्धमा गाउँपालिकाले पहल गनुपर्ने देखिन्छ ।

२९. **पदाधिकारी सेवा सुविधा सम्वन्धमा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिमप्रदेश संसदले स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट देहायबमोजिम रु.४३२७२००। सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं. | विवरण | प्रमूख/अध्यक्ष | उपप्रमूख | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य .२३जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६०००० | ३००००० | १६८०००० | ५७६००० | १३८०००० | ४२९६००० |
| २. | सञ्चार सुविधा(मासिक दरमा) | १३२०० | १२००० | ६००० | - | - | ३१२०० |
| | | | | | | जम्मा | ४३२७२०० |

**३०. पदाधिकारी अन्य सुविधा सम्वन्धमाः**

सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.१६५००००।-,सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु

१६५००००/

**३१. आर्थिक सहायताः** दलित जनजाती जेष्ठ नागरिक लक्षित कार्यक्रममा वडागत सिफारिसका आधारमा आर्थिक सहायता, चन्दा, पुरस्कारस्वरुप नगद बाँडेको देखियो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको तथा गाउँपालिकाले आर्थिक सहायता दिने सम्वन्धमा कुनै ऐन वा निर्देशिका जारी गरेको छैन । स्पष्ट नितीगत आधार विना पटके निर्णको आधारमा वितरण गरिएको रकम नियम संगत नदेखिएको रु

१२५०००/

| गो भौ न र मिति | जना | रकम |
|---|---|---|
| १५२/२०७५/९/२३ | १ | २५००० |
| ४०६/२०७६/१/३१ | १ | १०००० |
| ५०४/२०७६/२/२८ | १ | १०००० |
| ५०५/२०७६/३/२३ | १ | १०००० |
| ५१४/२०७६/३/२५ | १ | २५००० |
| ५२३/२०७६/३/२९ | १ | १५००० |
| ५२९/२०७६/३/२९ | १ | १५००० |
| ५४१/२०७६/३/३० | १ | १५००० |
| **जम्मा** | | **१२५०००** |

***कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:***

**३२. योजना र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । ५० हजारदेखि ३ लाखसम्मका २२८ वटा योजना कार्यान्वयन भएका छन् । दिर्घकालीन प्रकृतिका योजनाहरुको सूची तयार गरी योजनावद्ध रुपमा कार्यान्वयन शुरु गरेका पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

**३३. प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले रनिङ बिलमा उल्लेख अघिल्लो बिलसम्मको र हाल भएको बिलको अद्यावधिक रेकर्ड नदेखाई बिलको भुक्तानी गरेकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक

| | | |
|---|---|---|
| | कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३४. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३।१० मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत १२ वटा कार्यक्रम तथा अन्तर्गतका २२८ वटा सहायक कार्यक्रममध्ये कार्यान्वयनको स्थिति सहितको सभाको निणर्य र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी बर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३५. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३६. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि सिफारिस गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३७. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३८. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत | |

| | | |
|---|---|---|
| | सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३९. | **गुणस्तर परीक्षण:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, निर्माण कार्यमा प्रयोग हुने सामान ल्यापटप, डोजर लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४०. | **तालिम तथा कार्यशाला गोष्ठी सञ्चालन:**<br>गाउँपालिकाले सीप विकास तालिम तथा स्थानीय कार्यशाला गोष्ठी सञ्चालन गर्दा अधिकांशमा प्रशिक्षण वापतको भत्ता वुझेको भरपाई रहेतापनि कार्यक्रम पाठ योजना , प्रस्तुत कार्यपत्र विवरण रहेको देखिएन । तालिम सञ्चालनको स्पष्ट कार्ययोजना बिना नै कार्यक्रम सञ्चालन गरेको तथा कार्यक्रमको अधिकांश बजेट कर्मचारी र पदाधिकारी भ्रमणमा भत्ता, खाना, खाजाको बिलमा खर्च हुने गरेको देखिन्छ । आगामी दिनहरुमा कार्यालयले यस्ता तालिम तथा स्थानिय कार्यशाला गोष्ठी सञ्चालन गर्दा स्पष्ट कार्ययोजना सहित सरोकारवाला पक्षहरुको आधिकारिक व्यापक सहभागिता हुने गरी व्यवस्थापन खर्च मितव्ययी हुने ढङ्गले गर्नुपर्ने देखिन्छ । | |
| ४१. | **रेडियो प्रत्यक्ष प्रसारण सम्वन्धमा:** गाउँपालिकाले विभिन्न एफ एम रेडियो लाई कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण वापतको रकम रु.३५००००।-भुक्तानी गरेको छ । त्यसरी प्रसारित सामाग्रीको अडियो रेकर्ड वेगर नै उक्त रकम भुक्तानी हुने गरेको देखियो । आगामी दिनमा यस्ता प्रसारण वापतको रकम भुक्तानी गर्दा मिति र कार्यक्रम स्पष्ट खुलेको अडियो रेकर्ड प्राप्त भएपछि मात्र रकम भुक्तानी गर्नुपर्दछ । | |
| ४२. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र साना तिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको बढीमा ५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था देखिन्छ । यस बर्ष निकायले पूँजीगत बजेट कार्यान्वयन गर्दा विभिन्न योजनाबाट रु.२७ लाख १८ हजार कन्टिन्जेन्सी कट्टा गरी रु.२७ लाख ५८ हजार खर्च गरेको विवरण पेश गरेको छ । कार्यालयले कार्यक्रमगत कन्टिन्जेन्सी खाता राखेको छैन । साथै अधिकांश साना योजनाको लागत अनुमान स्वीकृत गरेको अभिलेखसमेत नरहेको हुँदा कन्टिन्जेन्सी खर्च नियमावलीले तोकेको सीमा भीत्र रही खर्च गरेको छ भन्ने एकिन गर्न सकिएन | |
| ४३. | गो.भौ.नं.४ मिति २०७५।४।२६ गाउँपालिकाले औषधिको उचित व्यवस्थापनका लागि Hospitality billing and pathological lab system नामक software रु.३३९०००। खरिद गरी भुक्तानी गरेको छ । उक्त software बाट औषधिको खरिद, खर्च, बाँकी लगायतका प्रतिवेदन प्राप्ति हुने इउतष्यल रहेकोमा निकायले खरिद गरेको उक्त software प्रयोग नै गरेको देखिएन । औषधिको रेकड परीक्षण गर्दा गत बर्षको जिम्मेवारी नसारेको चालू आ.व.मा खरिद भएको रु.१७ लाख २३ हजार मूल्यका औषधि मात्र जिन्सी खातामा चढाएको, बाँकी मौज्दात प्रमाणित गरी अभिलेख अद्यावधिक गरेको देखिएन । खरिद गरेको software प्रयोग विहिन राखी जिन्सी व्यवस्थापन दुरुस्त गरेको नदेखिएकोले उक्त software मा गरेको लगानी हानी नोक्सानी परेको रु. | ३३९०००/- |
| ४४. | गो.भौ.नं.२५ मिति २०७५।८।११ कार्यालयले बर्षादका कारण क्षतिग्रस्त गाउँपालिका अन्तर्गतका | २७३८२००/- |

| | | |
|---|---|---|
| | ग्रामिण सडकहरु मर्मत गर्न रु.३० लाख बजेट भैपरी आउने शीर्षकबाट खर्च गर्ने गरी विभिन्न सडकहरु मर्मत गरेको देखियो । उक्त बजेट खर्च गर्दा विभिन्न ६ वटा सडक मर्मत गरेको भनी ३६८२३.६१ घ.मी. माटो काटेको उल्लेख गरेकोमा कुन कुन सडकको chanage मा के कति लम्वाईमा मर्मत कार्य भएको हो सोको detail measurement खोली सोही आधारमा खर्च लेख्नु पर्नेमा बिलमा LS-1 को quantity मापन गरी रु.२७३८२००। बजेट खर्च लेखेको नियम सम्मत नदेखिएको रु. | |
| ४५. | गो.भौ.नं.२६ मिति २०७५।८।११ चौरपाटी बजार व्यवस्थापन कार्यको लागत अनुमान रु.१८७९६७८। स्वीकृत भै उपभोक्त समिति मार्फत बजार चौडा गर्ने, रिटेनिङ्गवाल लगाउने, फोहोर व्यवस्थापन गर्ने जस्ता कार्यहरुको लागि रु.१४४००००। भुक्तानी भएको छ । उक्त बजार व्यवस्थापन सम्बन्धी सम्झौतामा उल्लेख गरेको सवै रकम भुक्तानी भएकोमा सम्झौताको शर्तमा उल्लेखित अनुगमन समितिले स्थलगत अनुगमन गरी दिएको अनुगमन प्रतिवेदनका आधारमा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी योजना फरफारक गर्नुपर्नेमा अनुगमन पनि नभएको कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी भएको देखिएको रु. | १४४००००/- |
| ४६. | गो.भौ.नं.५६ मिति २०७५।९।१० निकायले मालसामान खरिद वा सेवा उपलव्ध गर्न फर्म कम्पनीलाई पेश्की दिँदा नियमानुसार बैक ग्यारेन्टी लिनुपर्ने उल्लेख छ । ठेक्का नं.२ ,२०७५।०७६, ग्रामिण विद्युतिकरणको लागि आवश्यक सामानहरु आपूर्तिको लागि छनौट भएको आर्पूतक श्री एन्जिला ट्रेडर्ससँग रु.६०३३६०७।१८ ठेक्का सम्झौता भई मिति २०७५।९।३० मा कार्य आदेश भएकोमा निज आर्पूतकले रा.वा.बैंक नक्सालमा दाखिला गरेको मिति २०७५।९।२९ को रु.३ लाख बरावरको बैंक जमानत राखी रु.२० लाख पेश्की लिएको देखियो । सार्वजनिक खरिद नियमावली अनुसार ठेक्का अंकको बढीमा २० प्रतिशत जमानतका आधारमा पेश्की दिन सकिने व्यवस्था रहेकोमा निज आर्पूतकलाई विना जमानत ३३.१५ प्रतिशत पेश्की दिएको उक्त पेश्की बर्षान्तसम्म फछ्र्यौट समेत भएको नदेखिएकोले नियमावलीले तोके भन्दा बढी पेश्की जमानत वेगर भुक्तानी भएकोले अनियमित देखिएको रु. | १७०००००/- |
| ४७. | गाउँपालिकाले कोकलगडा सल्लीकोट पुडासैन सडकको लागि विनियोजित बजेट रु.१० लाखबाट गत बर्षको भुक्तानी दिनबाँकी रु.२ लाख पेश्की फछ्र्यौटको कट्टी गर्नुपर्ने रु.४ लाख तथा उपभोक्ताको श्रमदानको अशं कट्टी रु.७०५२८।५३ समेत रु.६७०५२८।५३ मूल्याङ्कन भएकोमा श्रमदानको अशं ७०५२८।५३ घटाई रु.६ लाख भुक्तानी दिनुपर्नेमा रु.७६००००। भुक्तानी भएकोले बिल भन्दा बढी भुक्तानी भएको रु.१६०००० असुल हुनुपर्ने रु. | १६००००/- |
| ४८. | गो.भौ.नं.८५ मिति २०७५।११।१ श्रृजनशील आधारभुत विद्यालयको भवनको लागत अनुमान रु.१९२७३६३।३७ स्वीकृत भै विनियोजन बजेट रु.१६ लाखमध्ये बिलबाट रु.११६८५१०।७८ तथा अन्तिम बिलबाट ७५८८५२।५९ समेत रु.१९२७३६३।३७ भुक्तानी भएको छ । बिल अनुसार local hard wood को लागत अनुमान रु.१०८३५०। Dry wall को रु.४९१४०। खर्चको बिल पेश भएकोमा अनुगमन प्रतिवेदन अनुसार स्थानीय कडा काठ प्रयोग गर्नेगरी स्वीकृत लागत स्टीमेटको दररेट भन्दा कम दररेटको प्लाई हालेकोले बढी भुक्तानी हुने व्यहोराको प्रतिवेदन दिएको हुँदा उक्त बढी दररेटले हुने रु.१५७४९०। कट्टी गरेर मात्र भुक्तानी हुनुपर्नेमा काम नभएको Items समेत भुक्तानी भएको देखिएकोले उक्त रकम दाखिला हुनुपर्ने रु. | १५७४९०/- |
| ४९. | **उपभोक्त समितिको बिल भुक्तानी** : गाउँपालिकाले उपभोक्ता समितिमार्फत २५३ वटा निर्माणका योजना सञ्चालन गरी रु.१४ करोड २५ लाख बजेट खर्च लेखेकोमा बिल भरपाई परीक्षणमा निम्नानुसार देखिएको छ । | |

- *विद्यालयलाई दिने अनुदान समेत विद्यालय व्यवस्थापन समितिलाई परीचालन नगरी छुट्टै समिति बनाएर खरिद एवं निर्माण गर्ने गरेको ।*
- *लागत अनुमान जती तोकेको छ Actual work पनि हु बहु उतार गरी सोही बरावरकै कार्य सम्पन्न गर्ने गरेको, बिलमा अद्यावधिक भएको कामको परिमाण उल्लेख नगरी रकममात्र लेखी बिल बनाउने गरेको*
- *बिलको जोड जम्मा प्रथम अन्तिम बिलको जोड जिम्मेवारी भिडान नहुने ।*
- *अधिकाशंमा अनुगमन समितिको प्रतिवेदन वेगर नै भुक्तानी गर्ने गरेको ।*
- *केहीमा अनुगमन समितिले निर्देशन दिएका विषयहरु रनिङ्ग बिलमा नसच्चाई काम नभएको भनी अनुदान कट्टी सिफारिस गर्दा समेत लागत अनुसारको बिल बनाई पुरै सम्झौताको अंक भुक्तानी दिने गरेको ।*
- *Measurement book मा रोड cutting गरेको quality र बिलमा उठाएको quantity फरक फरक उल्लेख गरी बजेट खर्च लेख्ने गरेको ।*
- *उपभोक्ताको योजना खातामा योजनासँग सम्बन्धीत विवरण भर्नुपर्नेमा सहिछाप मात्र गराई राख्ने गरेको उपभोक्ताको अशं नखुलाएको ।*
- *उपभोक्ता समितिको व्यहोर्ने* ***part*** *को श्रमदानको अंश यकिन नगरी सम्झौता रकम पुरै कट्टा गरी बाँकी बचेको रकम बिल भुक्तानीको पुछारमा एकमुष्ट समितिको contribution भनी देखाउने गरेको ।*
- *कतिपय बिलमा आद्यावधिक गरेको रकम भन्दा बढी रकम भुक्तानी गरेको ।*
- *उपभोक्तालाई variation दिन नपाइने स्पष्ट व्यवस्था हुँदा हुदै स्वीकृत नगराई लागत अनुमान भन्दा बढीको बिल बनाई सम्झौताको पुरै रकम भुक्तानी गर्ने गरेको ।*

५०. **उपभोक्तासँग सम्झौता गरी दिएको कार्य ठेकेदारबाट गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशनिहरको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । निकायले सिचाई खानेपानी तथा ग्रामीण सडकका सबैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ भुक्तानी लिएको अवस्था छ । एक्साभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका केही उदाहरण निम्न छन ।

| गो.भौ.नं. | उपभोक्ता समिति | योजनाको रकम | सम्झौता रकम | ठेकेदारबाट गराएको कामको भुक्तानी रकम | ठेकेदारको नाम |
|---|---|---|---|---|---|
| १५/०७५/६/२४ | निरखम्बा गहिल चौरपाटी सडक उ.स | ग्रामिण सडक निर्माण | २०००००० | ५१८०५०४ | नरमाल कन्स्ट्रक्सन |

| | | | | | |
|---|---|---|---|---|---|
| २६४/०७६/२/२८ | सिउडी मावि भवन नि.उ.स | भवन निर्माण | ६४५०००० | ६४५०००० | नेपाल नि.सेवा |
| ५९/०७५/१०/२ | गैरीलेक चौपाया वडा सडक उ.स. | सडक निर्माण स्तरोन्नती | १५००००० | १४४०००० | साउद कन्स्ट्रक्सन |
| ६३/०७५/१०/२६ | किर्तिखाम लुग्रा चौरपाटी सडक नि. उ.स. | सडक निर्माण स्तरोन्नती | १५००००० | १४०९९१७ | साउद कन्स्ट्रक्सन |
| ८६/०७५/११/१ | गयलपानी गहिल सडक नि. उ.स. | सडक निर्माण स्तरोन्नती | १२००००० | ११५२००० | साउद कन्स्ट्रक्सन |
| ११४/०७५/११/२८ | चौखुट्टे चौरपाटी सडक नि. उ.स. | सडक निर्माण | ५००००० | ४६६६२६२ | नरमाल कन्स्ट्रक्सन |
| १८०/०७६/१/१० | खानीडाडा रिखघडा सेती सडक नि.पर्यटकिय मार्ग नि. उ.स. | सडक निर्माण | ११००००० | १०५६००० | नरमाल कन्स्ट्रक्सन |
| ३२२/०७६/३/१७ | चौखुट्टे मुग्रा सडक नि. उ.स. | सडक निर्माण | १२००००० | ११५२००० | साउद कन्स्ट्रक्सन |
| ३७३/०७६/३/२७ | डाडा सुगाडा पायल चौरपाटी सडक नि. उ.स. | सडक निर्माण | १५००००० | १४४०००० | सिंह निर्माण सेवा, साउद कन्स्ट्रक्सन |
| ३६६/०७६/३/२७ | चिरकिट्टे विरखम्मा डुग्री सडक नि. उ.स. | सडक निर्माण | १५००००० | १४४०००० | नेपाल नि.सेवा |
| जम्मा | | | २२९५०००० | २५३८६६८३ | |

*५१.* आर्थिक विधेयक २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एंव मू.अ.कर नियमावली,२०५३ को २१ औ संशोधन अनुसार ६(ग)को थप व्यवस्थाले कार्यालयले ठेक्का,परामर्श,सामान आपूर्तिमा आर्पूतकलाईं विजक अनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोड नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. १२९१२८६/-

| फर्मको नाम | स्थायी लेखा नं. | मू.अ.कर बहेकको रकम | मू.अ.कर रकम | ५० प्रतिशत कट्टी गर्नुपर्ने रकम | कर विजक नं. |
|---|---|---|---|---|---|
| **भण्डारी ट्रेड एण्ड सप्लायर्स** | **३००९४८१३४** | **७७०७४७५** | **१००१९७१.८** | **५००९८६** | **२** |
| **एन्जीला सप्लायर्स** | | **६०३३६०७** | **७८४३६८.९१** | **३९२१८४** | **१३** |
| **unitrade constration pvt ltd** | **६०६६७४४४१** | **१००००००** | **१३००००** | **६५०००** | **४४-४९** |
| **सविता कन्स्ट्रक्सन** | **३०१२७८४०५** | **७५०१०९** | **९७५१४.१७** | **४८७५७** | **१०१** |
| **सामुदायिक विकासका लागि सहकार्य नेपाल** | **३०२२७५१००** | **२२०९७३५** | **२८७२६५.५५** | **१४३६३३** | **८** |
| **मष्टो आउटर्स प्रा.लि.** | **३०३६२९४२७** | **२१००००** | **२७३००** | **१३६५०** | **२७** |
| **मनकामना ट्रेडिङ्ग** | **३०४७३०५३५** | **८८४९५** | **११५०४.३५** | **५७५२** | **२७** |
| नेपाल नि.सेवा | **६०३६३६११८** | **३८६७२३** | **५०२७३.९९** | **२५१३७** | **१** |

| | | | | | |
|---|---|---|---|---|---|
| लोटस फार्मेसी धनगढी | ६०८६८२४४ | ४४०००० | ५७२०० | २८६०० | |
| नेभा इन्जिनियरिङ डेभलपमेन्ट प्रा लि काठमाणौ | ६०६७६१६७७ | ५९५७५२ | ७७४४७ | ३८७२४ | |
| सकिल ट्रेडर्स एण्ड सप्लायर्स साफे | ३०१२७८४०५ | ३९८२५० | ५१७७२ | २५८८६ | |
| सकिल ट्रेडर्स एण्ड सप्लायर्स साफे | ३०१२७८४०५ | ९९५५ | १२९४ | ६४७ | |
| सकिल ट्रेडर्स एण्ड सप्लायर्स साफे | ३०१२७८४०५ | ३५८४७ | ४६६० | २३३० | |
| जम्मा | | | | १२९१२८६/- | |

५२. आय कर ऐन, २०५८ को दफा ८(ड) अनुसार आर्पूतकलाई बिल भुक्तानी गर्दा नियमानुसार अग्रिम आयकर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु. १५७५००/-

| गो.भौ.नं./मिति | आर्पूतकको नाम | सेवाको विवरण | बिल रकम भुक्तानी | कर कट्टी हुनुपर्ने |
|---|---|---|---|---|
| ११५/०७५/११/२८ | रोहित देउवा,गणेश कडायत | मेलमिलाप परामर्श | ४००००० | ६०००० |
| २०५/०७६/१/२४ | आमा समुह बैठक भत्ता | नियमीत मासिक बैठक | ५५८००० | ८३७०० |
| २८८/०७६/३/२१ | नाउलो मष्टो प्रा.लि. | बाखा बोका वितरण | ९२०००० | १३८०० |
| जम्मा | | | | १५७५००/- |

५३. **गो.भौ.नं.३७२** बागखोला तुलेइजर सिचाई कुलो निर्माणको लागत अनुमान रु.९३८३६००। स्वीकृत पेश्की फछ्र्यौट रु.३४५१०००। समेत अन्तिम बिलबाट रु.९५८३६००। बजेट खर्च भएको छ । उक्त योजना सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

५३.१. स्वीकृत लागत अनुमान रु.९३८३६००। रहेकोमा दोस्रो तथा अन्तिम बिलबाट रु.५०८९०४०। तथा प्रथम बिलबाट ४४९४५६०। समेत रु.९५८३६००। खर्च लेखेकोमा स्वीकृत लागत अनुमान भन्दा बढी निर्माण कार्य भएकोमा उपभोक्ता समितिले निर्माण गरेको कार्यमा भेरिएशन स्वीकृत गरी खर्च लेख्न नपाईने व्यवस्था विपरीत उपभोक्ता समितिलाई बढी भुक्तानी गएको रु. २०००००/-

५३.२. अन्तिम बिल भुक्तानीको लागि पेश भएको उपभोक्ता समितिको बिलमा अघिल्लो बिलमा भुक्तानी भएको निर्माण कार्य अनुसारका आईटमहरु तथा हाल मूल्याङ्कनबाट भएका कार्यको परीमाण नखोली LS1 उल्लेख गरी भुक्तानी रकममात्र चढाई खर्च लेखेको अवस्था देखियो । BOQ मा स्वीकृत आइटमवाइजका कार्यहरुको सम्पन्न कार्य परिमाण तथा दर यकिन नगरी सोही व्यहोरा नापी कितावमा चढाई बिल तथा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी बजेट खर्च लेखेको छ ।

५४. **तिज विशेष कार्यक्रमः** तिज विशेष कार्यक्रमको लागि गो. भौ. नं. ९२।२०७५।८।११ बाट रकम भुक्तानी गरेको छ । कार्यक्रम खर्चमा भत्ता, खाना, खाजा, पानी वितरण गरेको खर्च पनि समावेश भएको देखियो । भत्ता वापत बाँडिएको उक्त रकम असुल दाखिला हुनुपर्ने रु. ३००००/

<table>
<tr><td>५५.</td><td>वालमैत्री स्थानीय शासनः बालमैत्री स्थानीय शासन भ्रमणमा लागेको सम्पूर्ण खर्च कार्यक्रम खर्चमा देखाएको छ । सोही कार्यक्रमको खर्च भनि भ्रमण आदेश वेगर नै भ्रमण खर्चको रुपमा भुक्तान गरेको रकम नियम संगत नदेखिएको रु</td><td>२७००००/</td></tr>
<tr><td>५६.</td><td>मकै विउ वितरण सम्वन्धमाः गाउँपालिकाले बजेट खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्नेमा गो भौ. न ५३३।२०७६।३।२९ बाट ८०० के जी मकैको विउ खरिदको बिल भुक्तानी भएको छ । खरिद बिउ मध्ये ९० के जी को मात्र वितरण भरपाई पेश भयो । बाकी रहेको ७१० केजी मकैको बिउ प्रति के जी रु ८५ को दरले हुन आउने रु ६०३५०। को मौज्दात विवरण पेश गर्नुपर्ने अन्यथा कार्यक्रम संचालक बाट असुल हुनुपर्ने रु</td><td>६०३५०/</td></tr>
<tr><td>५७.</td><td>तरकारी बिउ वितरण सम्वन्धमाः गाउँपालिकाले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्नेमा वहुक्षेत्रिय पोषण कार्यक्रमको गो. भौ. नं. ९।२०७६।३।१८ बाट १५०० कम्पोजिट किट बिउ खरिदको बिल भुक्तानी भएको छ । खरिद विउमध्ये १४३२ कम्पोजिट किटको मात्र वितरण भरपाई पेश भयो । बाँकी रहेको ६८ कम्पोजिट किट विउ प्रति किट रु १०० को दरले हुन आउने रु ६८००। असुल हुनुपर्ने रु</td><td>६८००/</td></tr>
<tr><td>५८.</td><td>साना सिचाई कार्यक्रमः निम्न उपभोक्ता समितिहरुको प्रथम रनिङ बिल एवं अन्तिम बिल भुक्तानी भएको छ । उक्त सिचाई उपभोत्ता समितिहरुको सम्झौता, इष्टिमेट आदि पेश नभएको र सो उपभोक्ता समितिहरुलाई धगअ ञबलबनझभलत र उरक ष्लकगचबलअभ तययकि बलम उबिलत बलम कबाभतथ भत्रगष्ऊभलत जस्ता एउटै प्रकृतिका दुईवटा खर्च भुक्तानी भएको छ । अतः धगअ ञबलबनझभलत खर्च भुक्तानी दिनु उपयुक्त देखिदैन ।
<table>
<tr><th>उपभोत्ताको नाम</th><th>उरक ष्लकगचबलअभ तययकि बलम उबिलत बलम कबाभतथ भत्रगष्ऊभलत</th><th>धगअ ञबलबनझभलत</th></tr>
<tr><td>वेताल देउ केयर जल उपभोत्ता समिति</td><td>१५१२३८.९१</td><td>१०८८५६.१०</td></tr>
<tr><td>घनडाडा गाखर्क जल उपभोत्ता समिति</td><td>७१६१०.९३</td><td>४७०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५५८५६.१०</td></tr>
</table></td><td>१५५८५६/१०</td></tr>
<tr><td>५९.</td><td>कार्य सम्पादन जमानतः<br>गो.भौ.नं. ४ मिति २०७६।१।३१, गाउँपालिकाले झोलुंगे पुलको सामान आपूर्तिको लागि मालिका इन्जिनियरिङ एण्ड मेकानिकल वर्कस प्रा. लि. कैलालीसँग सम्झौता गर्नको लागि १८ महिना न्यूनतम म्याद भएको रु.६२०००।- कार्य सम्पादन जमानत माग भएकोमा सप्लायर्सले नेपाल बंगलादेश बैंकबाट जारी भएको :बथ ज्ञण, द्ग्ज्ञढ देखि ल्यखभ्रूदभच ढ, द्ग्ज्ञढ सम्म ६ महिनाको अवधि भएको कार्यसम्पादन जमानत पेश भई सम्झौता भएको छ । त्यस्तै मोबिलाइजेसन पेश्की रु.२१९०००।- लिने क्रममा समेत सप्लायरले :बथ ज्ञण, द्ग्ज्ञढ देखि ल्यखभ्रूदभच ढ, द्ग्ज्ञढ सम्म अवधि भएको नेपाल बंगलादेश बैंकको जमानत पेश गरेकोमा कार्य सम्पन्न गर्ने म्याद मिति २०७६।४।३० व्यतित भइसकेकोमा हालसम्म कार्य सम्पन्न नभएको तथा जमानतको म्याद थपसमेत नभएकोले सम्झौताको शर्त अनुसार ठेक्का अंकको बढीमा १० प्रतिशत जरिवाना लिई म्याद थप हुनुपर्दछ । कम अवधिको जमानतवापत सुरक्षण रसिद पेश भएकाले थप कार्यसम्पादन जमानतको प्रमाण पेश हुनुपर्दछ रु.</td><td>६२०००/-</td></tr>
<tr><td>६०.</td><td>जिन्सी दाखिला<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम नियम ४७(१) अनुसार जिम्मेवार व्यक्तिले आफनो जिम्मा आएको जिन्सी सामान सात दिन भित्र दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. १५, मिति २०७५।५।२६ मा सफ्टेक इन्फोसिस प्रा.लि.लाई रु.४५२०००।- को सफ्टवेयर खरिदवापत भुक्तानी भएकोमा उक्त सफ्टवेयर जिन्सी खातामा आम्दानी बाँधेको दाखिला प्रतिवेदन पेश नभएको तथा उक्त सफ्टवेयरको उपयोगसमेत भएको नदेखिएकोले जिन्सी दाखिला गरी उक्त सफ्टवेयरलाई निर्माण कार्यको बिलिङ कार्यमा उपयोग ल्याउन सकेको नदेखिएकोले लगानी खेर गएको रु.</td><td>४५२०००।</td></tr>
</table>

| | | |
|---|---|---|
| | **सशर्त अनुदान उर्जा कार्यक्रमः** | |
| ६१. | **सशर्त अनुदान उर्जा कार्यक्रमः** गो.भौ.नं. ४।२०७६।२।६ बाट सुधारिएको चुलो खरीद कार्यक्रममा ७० वटा चुलो मध्ये ४६ वटा खरीद भै रु १४२०००। चौरपाटी पालेतोला खा पा योजना तथा सरसफाई योजना तर्फ भुक्तानी भएको छ । ७० वटा चुलोको जलश्रोत कोषबाट रु ५००००। , गाउँपालिकाबाट रु ७५७३९। र उपभोत्ताको श्रमदानबाट रु ८३८४६। समेत रु २०९६१५। ब्यहोर्ने सम्झौता भएकोमा बिल रु १४२००३।६० को मात्र भएको तर भुक्तानी रु १४२०००। भएकोले उपभोत्ताको अयलतचष्दगतष्यल उबचत नपुग देखिएको हुँदा न्यून देखिएको श्रमदानको अंश बरावरको रकम असुल हुनुपर्ने रु. | ५६८०१.४४ |
| ६२. | कार्यक्रम अनुसार राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रममा नीतिगत,प्रशासिनक तथा व्यवस्थापन खर्च रु २५०००। ,सुधारिएको चुलोमा रु १०००००। , सौर्य उर्जा प्रविधि जडानमा रु ४७३०००। ,लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादनमा रु १२०००००। , वायो ग्यास जडानमा रु ४२०००। गरि जम्मा २०६५०००। वजेट ब्यवस्था भएकोमा लघु तथा साना जल विद्युत आयोजनाबाट जल विद्युत उत्पादनमा रु १२०००००। खर्च नगरि अन्य कार्यक्रममा खर्च गरेको र लघु तथा साना जलविद्युत आयोजनाको इष्टिमेट तयार गर्ने कार्यक्रममा बजेट विनियोजन नभएकोमा समेत सो कार्यक्रमको इष्टिमेट तयार गरेवापत इनोभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सोलुसन्स प्रा लि लाई भुक्तान गरेको रकम अनियमित देखिएको रु | २५००००/ |
| ६३. | **शिक्षाः**<br>गो.भौ.नं. ४७।२०७६।३।३० निम्न विद्यालयहरुलाई निम्नानुसार क्ष्ऋत सामाग्री खरीद, विज्ञान समाग्री खरीद , पुस्तकालयको लागि पुस्तक खरीद , उत्कृष्ट सिकाई सम्वन्धी सामाग्री खरीदका लागि अनुदान उपलब्ध गराएकोमा बिल भरपाई प्राप्त नभएको र आयकर ऐन २०५८ को दफा ८८ अनुसार १.५% को दरले कर कट्टा नभएकोले कट्टा हुनुपर्ने रु<br><table><tr><td>विद्यालयको नाम</td><td>खरिद सामाग्री</td><td>अनुदान</td><td>१.५ प्रतिशत कर</td></tr><tr><td>सिउडी मा वि सिउडी</td><td>क्ष्ऋत</td><td>६५००००</td><td>९७५०</td></tr><tr><td>वैजनाथ मा वि पाटन</td><td>विज्ञान र सिकाई उपलब्धि</td><td>५५००००</td><td>८२५०</td></tr><tr><td>दया पिपलतोला मा वि लुग</td><td>विज्ञान र सिकाई उपलब्धि</td><td>५५००००</td><td>८२५०</td></tr><tr><td>शान्ती मा वि मार्कु</td><td>पुस्तकालय, गणित</td><td>२६६६६७</td><td>४०००</td></tr><tr><td>देमाण्डौ मा वि दुनि</td><td>अग्रेजी सामाग्री</td><td>२६६६६७</td><td>४०००</td></tr><tr><td>दशपल्ले पानी मा वि विसोकोट</td><td>पुस्तकालय</td><td>२१६६६७</td><td>३२५०</td></tr><tr><td colspan="3">जम्मा</td><td>३७५००</td></tr></table> | ३७५००/- |
| | **चालु खर्च आन्तरिक आय तर्फ** | |
| ६४. | गाउँपालिकाले जनशक्तिको अभाव भई करारमा कर्मचारी नियुक्त भई दैनीक कार्यसञ्चालन गरेको देखियो । एक्साभेटर चालक प्रकाश रोका मगर सम्झौता तथा नियुक्ति वेगर निजले वर्षभरिमा रु ९०५१९५। तलव भत्ता भुक्तानी लिएको छ । निजले तलव वुझेको आधारमा आयकर ऐन २०५८ को दफा ८७ अनुसार पारिवारिक पारिश्रमिक रु ४०००००। मा १ प्रतिशत ले ४०००। , रु १०००००। मा १० प्रतिशत ले १००००। र बाकी रु ४०५१९५। मा २० प्रतिशतले ८१०३९। गरी जम्मा रु ९५०३९। कर वुझाउनु पर्नेमा १ प्रतिशत सा सु कर रु ९०५२। मात्र कट्टा भएकोले बाँकी कर असुल हुनुपर्ने रु | ८५९८७/ |
| ६५. | गाउँपालिकाले आफ्ना सवारी साधनहरु सञ्चालनको लागि प्रयोग हुने इन्धन कोटा अनुसार लगबुक अद्यावधिक गरेर खर्च लेख्नुपर्दछ । निम्नानुसार गोश्वारा भौचर र मितिमा डोजर, एक्साभेटर, एम्वुलेन्स आदि सञ्चालन गर्न इन्धन खर्च लेखेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| गो. भौ. नं. /मिति | इन्धन मूल्य |
|---|---|
| २/२०७५/५/२२ | ११६८१५ |
| ३/२०७५/६/२२ | ४६७१३९ |
| ८/२०७५/७/३० | १८८९९९ |
| ९/२०७५/८/२ | २२८९५८ |
| ११/२०७५/८/१८ | १५६०० |
| १३/२०७५/८/१८ | ५००००० |
| १४/२०७५/८/१८ | ६२९९९ |
| २१/२०७५/९/२५ | ७७३१३२ |
| २७/२०७५/१०/२७ | १०२८३ |

**पूँजीगत खर्च**

६६. गो. भौ. नं. ३९१।२०७६।३।३० बाट गगुडा आधारभूत विद्यालय ८ कोठे भवन निर्माणको लागत अनुमान रु ७०६३६३०।७० मध्ये रु.६००००००। भुक्तानी दिने सम्झौता भएको उक्त निर्माण काम दोस्रो रनिङ बिल सम्म रु ३५८१३२३।१५ को काम भएकोमा अघिल्लो रनिङ बिल सम्म रु ३०४४६६१।७० चढेकोले वाकी रु ५३६६६१।४५ अन्तिम बिलबाट दिनुपर्ने भनि उपभोक्ताको बिलमा पेश भएकोमा भ्बचतज धयचप को काम रु २१७९२५।८२ अद्यावधिक काम भएकोमा जोड जम्मा फरक पारी सो समेतको भुक्तानी भै सकेकोले उक्त दोहोरो भुक्तानी गएको रकम कट्टा हुनुपर्ने रु. — २१७९२५/८२

६७. गो.भौ.न ४००।२०७६।३।३० बाट निम्नानुसार एफ एम तथा साप्ताहिकहरुलाई चेतनामूलक सन्देश प्रसाारण तथा लेखन वापत भुक्तानी दिएको छ सोको रकममा आयकर ऐन २०५८को दफा ८८ अनुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा कट्टा नभएकोले असुल हुनुपर्ने रु — ७५००/

| बिल न/मिति | नाम | भुक्तानी रकम | १५ प्रतिशत कर |
|---|---|---|---|
| ९३७/२०७६/३/१६ | रेडियो वान्नीगढी एफ एम ९९.४ | २०००० | ३००० |
| ४०६/२०७६/३/१९ | रेडियो सोसाइटी एफ एम ८९ मेगाहर्ज | १०००० | १५०० |
| २००/२०७६/६/२३ | रेडियो जनप्रिय साफे | १०००० | १५०० |
| १३०/२०७६/३/२४ | सडक मिडिया साप्ताहिक | १०००० | १५०० |
| जम्मा | | | ७५०० |

६८. गो. भौ. नं. ४०३।२०७६।३।३० चौरपाटी गाउँपालिका अछाम र वाक नेपाल अछाम विच २०७५।१०।१५ देखि अषाढ सम्म युवा सशक्तिकरण परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि रु २३७०३०३। भुक्तानी दिने सम्झौता भएकोमा अन्तिम बिल रु ४७४३०३। भुक्तानी भएको छ । उक्त रकममा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत कर कट्टा हुनुपर्नेमा कट्टा नभएकोले असुल हुनुपर्ने रु — ७११४५/

६९. ४०५।२०७६।३।३० बाट म्भतबर्ष भलनष्लभभचष्लन कगचखभथ,मभकनष्लन बलम अयकत भकतष्बतभ या दष्चपजकक्बद नबजर्ष (अजबगचउबतरु चगचबा चयबम को लागि मएच सम्पन्न भएकोले ल्यखब भ्लनष्लभभचष्लन म्भखभयिऊभलत एखत तिम प्क लाई मु. अ. कर समेत रु. ६७३२००। भुक्तानी भएको छ । जिल्ला दररेट अनुसार मएच को प्रति कि.मि. रु.४ हजार स्वीकृत भएकोमा उक्त परामर्श भुक्तानीमा प्रति कि.मि. ७१५०० का दरले भुक्तानी भएको देखिएकाले खर्च रकम अनियमित देखिएको रु. — ६७३२००/

७०. ४४२।२०७६।३।३० बाट विद्यालय पोषण सम्बन्धी कार्यक्रम वापत श्रोत तक्ष वहादुर शाहीले रु २८८०००। पे फ गरेकोमा नमुना करेसावारीमा आवश्यक पर्ने रकम तथा सामाग्री वापत प्र अ तथा स अ ७ जनालाई रु २०००। को दरले रु १४००० भत्ता वितरण गरेकोमा आयकर २०५८ को दफा ८८अनुसार १५ प्रतिशतका दरले कर कट्टा नगरेको रु — २१००/

७१. ४५१।२०७६।३।३० बाट प्रा स मोहन वहादुर शाहले आलुको बिउ खरिद वापत पे फ रु २५००००। गरेकोमा आलुको बिउ ३०००००। मध्ये ६० प्रतिशतले अनुदान समेतको ५ वटा बिलको जोड — २००००/

जम्मा रु २३००००। मात्र भएकोमा पे फ रु २५००००। गरेकोले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु

७२. **अन्य प्रयोजनको खर्च**: गाउँपालिकाको स्वीकृत बजेट भित्र तोकिएको खर्च शिर्षकमा पर्छ भने मात्र खर्च गर्न सक्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ। अन्य कार्यलय/संस्था लाई भुक्तान रकम नियम संगत नदेखिएको रु

| गो भौ न /मिति | संस्था | प्रयोजन | रकम रु |
|---|---|---|---|
| ६६/२०७५/७/१८ | रेडियो हाम्रो सफलता चौखुटे | अनुदान टावर निर्माण | २००००० |
| ३६४/२०७५/९/२३ | इलाका प्रहरी कार्यलय साफेवगर | गाडी मर्मत | ३५६०० |
| | चौरपाटी खेलकुद समिति | खेलकुद कार्यक्रम | २००००० |
| **जम्मा** | | | **४३५६००** |

४३५६००/-

७३. **वढी भुक्तानी**: स्विकृत भ्रमण आदेशको निम्न बमोजिमको भ्रमण आदेशमा भ्रमण अवधिको पाउने भन्दा वढी अवधिको सुविधा असुल दाखिला हुनुपर्ने रु

| गो भौ न /मिति | पद र नाम | वढी दिन | दर | रकम |
|---|---|---|---|---|
| ३७०/२०७६/२/६ | ई लोकेन्द्र बहादुर रावल | १ | १७६० | १७६० |
| ३७०/२०७६/२/६ | ई लोकेन्द्र बहादुर रावल | १ | १६०० | १६०० |
| ३७०/२०७६/२/६ | खरिदार सिद्धराज जोशी | १ | १३२० | १३२० |
| **जम्मा** | | | | ४६८० |

४६८०/-

७४. **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरिद गरिएको पाईयो । सोझै खरिद गरेको कार्य नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न मिति | खरिद गरेको फर्म | समानको विवरण | रकम |
|---|---|---|---|
| १०७/२०७५/८/११ | लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द | ११४३५६ |
| १०९/२०७५/८/११ | न्यू के पि स्टोर एण्ड अर्डर सप्लायर्स | मसलन्द | १३७३८० |
| ४६३/२०७६/३/३० | न्यू के पि स्टोर एण्ड अर्डर सप्लायर्स | मसलन्द | १६६७६० |
| १३८/२०७५९/१९ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | २७४८४४ |
| १५४/२०७५/९/२४ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | विविध छपाई | ४८५०५२ |
| १६७/२०७५/९/२५ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | ३४५४३३ |
| १६८/२०७५/९/२५ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | २५२२१६ |
| २८३/२०७५/१२/४ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | ३४०००० |

२४८०७१४/

| | | | |
|---|---|---|---|
| ३९५/२०७६/२/२४ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | १७५४५५ |
| ४४९/२०७६/३/१२ | एन्जिला ट्रडर्स एण्ड सप्लायर्स | मसलन्द | १८९२१८ |
| जम्मा | | | २४८०७१४ |

**स्वास्थ्य तर्फ चालु**

७५. गो.भौ.नं.५६ मिति २०७६।३।३० स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । चौरपाटि गाउँपालिका अन्तर्गत ससर्त अनुदान तर्फ स्वीकृत विभिन्न कार्यक्रम सञ्चालन गरी स्वास्थ्य संयोजन श्री कमल साउँदले रु.१५०८०००। को पेश्की फछ्र्यौट गरेकोमा निम्न शीर्षकमा बिल भरपाई भन्दा बढी खर्च देखिएकोले बढी खर्च निज पेश्की लिनेलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । रु. — २७४००/-

| कार्यक्रमको नाम | पेश्की रकम | खर्च रकम | बढी खर्च |
|---|---|---|---|
| म.स्वा.स्व.से.अर्ध बार्षिक समिक्षा | ३०७०००/- | २९५००० | १२००० |
| पूर्णखोप सुनिश्चीतता कार्यक्रम | १५५००० | १३९६०० | १५४०० |
| जम्मा | | | २७४००/- |

७६. गो.भौ.नं.५८ मिति २०७६।३।३० गाउँपालिका र चौरपाटि साप्ताहिकका प्रकाशक श्री कालु सिंह बोहरावीच मिति २०७६।२।२० गाउँपालिकामा रहेका ६ वटा स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्ने कार्यको लागि प्रति संस्था रु.१६०००। को दरले जम्मा रु.९६०००। मात्र प्रतिवेदन पेश गरी सकेपछि भुक्तानी गर्ने भनी सम्झौता भएकोमा निज प्रकाशकलाई रु.१०००००। पेश्की दिई फछ्र्यौट गरेको देखिन्छ । सम्झौता भन्दा बढी रु.४०००। भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्दछ । साथै प्रकाशनलाई सामाजिक परीक्षणको जिम्मेवारी दिनू उचित देखिएन । अतः उक्त कार्यमा नियन्त्रण हुनुपर्ने रु. — ४०००/-

आय कर ऐन, २०५८ को दफा ८८(१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्न सकिने उल्लेख छ । गाउँपालिकामा रहेका ६ वटा स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्ने कार्यको लागि प्रति संस्था रु.१६०००। को दरले जम्मा रु.९६०००। चौरपाटि साप्ताहिकका प्रकाशक श्री कालु सिंह बोहरालाई भुक्तानी गरेकोमा स्रोतमा हुने कर १५ प्रतिशत कट्टी नगरी भुक्तानी गरेको देखियो । निजलाई भुक्तानी भएको रु.९६०००। को १५ प्रतिशतले रु.१४४००। सम्बन्धितबाट असुल हुनुपर्दछ । रु. — १४४००/-

७७. निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) मा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई मात्र तलब भत्ता खर्च लेख्नुपर्ने उल्लेख छ । गाउँपालिकाको स्वास्थ्य तर्फका कुनै पनि कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको छ । निम्नानुसार कर्मचारीहरुको कात्तिकसम्म मासिक खाईपाई आएको ग्रेडमा थप ग्रेड छुट भनि भुक्तानी गरेकोमा छुट प्रमाण पेश नभएकोले बढी भएको ग्रेड रु.१११९७०/- प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने रु. — १११९७०/-

| कर्मचारीको नाम | खाइपाइ आएको ग्रेड | | भुक्तानी ग्रेड | | बार्षिक भुक्तानी रकम | सञ्चयकोष थप सहित |
|---|---|---|---|---|---|---|
| लक्ष्मी दत्त जोसी | ३ | २३४९ | १ | ७८३ | १०१७९ | १११९७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तिलु देवि खड्का | ३ | २३४९ | १ | ७८३ | १०१७९ | १११९७ |
| पवित्रा देवि रावल | ३ | २३४९ | २ | १५६६ | २०३५८ | २२३९४ |
| नृप कठायत | ० | ० | १ | ७८३ | १०१७९ | १११९७ |
| कमला बोहरा | ० | ० | १ | ७८३ | १०१७९ | १११९७ |
| तुलशा कुमारी चौधरी | ० | ० | १ | ७८३ | १०१७९ | १११९७ |
| सिता देवी बोहरा | ३ | २३४९ | २ | १५६६ | २०३५८ | २२३९४ |
| जानु कुमारी माझी | ० | ० | १ | ७३९ | १०१७९ | १११९७ |
| जम्मा | | | | | | १११९७०/- |

७७.१. उपरोक्तानुसार ग्रेड छुट भनी थप भएकोमा पुनः मंसिर महिनामा पनि थप छुट रकम भनी दोहोरो भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल हुनुपर्दछ । रु २२९७९/-

| कर्मचारीको नाम | दोहोरो रकम | सञ्चयकोष थप सहित |
|---|---|---|
| लक्ष्मी दत्त जोसी | २३५२/- | २५८७/- |
| तिलु देवि खड्का | २३५२/- | २५८७/- |
| पवित्रा देवि रावल | ४७०१/- | ५१७१/- |
| नृप कठायत | २३५०/- | २५८५/- |
| कमला बोहरा | २२१७/- | २४३९/- |
| तुलशा कुमारी चौधरी | २२१७/- | २४३९/- |
| सिता देवी बोहरा | ४७०१/- | ५१७१/- |
| जम्मा | २०८९०/- | २२९७९/- |

७८. **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति विना कुनै पनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS system मा Online प्रविष्ठी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्नेमा यस्तो विवरण अद्यावधिक समेत देखिएन । यसले गर्दा सामाजिक सुरक्षा भत्ता दोहोरो परेको अवस्था छ । यस गाउँपालिकाले तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.७०३७०२००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अध्याबधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।

७८.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । गाउँपालिकाको

निम्न वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा दोहोरो भत्ता वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्दछ रु. ९१६००/-

| वडा नं. | नाम | लक्षित समूह | दर | रकम | चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | पारु बोगटी | एकल महिला | १००० | २४००० | तीन वटै चौमासिक | |
| | हंसे ढोली | जेष्ठ अन्य | १००० | १२००० | तीन वटै चौमासिकमा रकम सच्चायको | |
| | धनी ढोली | जेष्ठ अन्य | १००० | ४००० | प्रथम | |
| | रोशनी बोगटी | बालपोषण अ. | ४०० | १६०० | प्रथम | |
| | सानु बोगटी | बालपोषण अन्य | ४०० | १६०० | प्रथम | |
| | सिर्जना वि.क | बालपोषण दलित | ४०० | १६०० | प्रथम | |
| ५ | पवित्रा ढोली | एकल महिला | १००० | ४००० | प्रथम | एकल महिला र विधवामा लगेको |
| | शोहन कार्की | बा.अ. | ४०० | १२०० | प्रथम | |
| | सोफिया परियार | बा.द. | ४०० | ४८०० | तीन वटै चौमासिक | |
| | आरोही वि.क | बा.द. | ४०० | ४८०० | तीन वटै चौमासिक | |
| २ | जयराम जैसी | जे.अ. | २००० | ८००० | जे.अ.र जे.दलितमा दोहोरो परेको | |
| ६ | सुशिला आउजी | बा.द | ४०० | १६०० | प्रथम | |
| | रोजनी आउजी | बा.द | ४०० | ४८०० | तीन वटै चौमासिक | |
| | दुर्गा साउँद | बा.अ | ४०० | ३२०० | पहिलो तथा दोस्रो | |
| | मनिशा साउँद | बा.अ | ४०० | ३२०० | पहिलो तथा दोस्रो | |
| | शारदा साउँद | बा.अ | ४०० | ३२०० | पहिलो तथा दोस्रो | |
| | नम्रता कामी | बा.द | ४०० | ३२०० | पहिलो तथा दोस्रो | |
| | रस्मिता आउजी | बा.द | ४०० | ४८०० | तीन वटै चौमासिक | |
| | जम्मा | | | ९१६००/- | | |

७८.२. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नामावलीमा एउटै नाम र जन्म मिति, नागरिकता नम्बर, अविभावकको नाम एउटै पारेर भत्ता वितरण गरेको देखिँदा भत्ता पाउने व्यक्ति यकिन गर्न सकिएन । उक्त नामावलीमा यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३५२००/-

| वडा नं. | नाम | लक्षित समूह | दर | रकम | चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | माछी बोगटी | बा.अ. | ४०० | १६०० | प्रथम | अविभावक र जन्म मिति एउटै नाम माछी र माही भएको |
| | भक्त परियार | बा.द | ४०० | १६०० | प्रथम | अविभावक र जन्म मिति एउटै नाम भक्त र मक भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | चन्दा खड्का | जे.अ. | २००० | २४००० | तीन वटै चौमासिक | जन्म मिति एउटै ना.प्र नं.सच्चाई नयाँ बनाएको |
| २ | देवी साउद | बा.अ. | ४०० | ४८०० | तीन वटै चौमासिक | जन्म मिति र नाम एउटै |
| | | | ४०० | १६०० | प्रथम | नाम सच्चाइएको पहिले आशा विक |
| | | | ४०० | १६०० | प्रथम | नाम र अविभावक एउटै |
| | जम्मा | | | ३५२००/- | | |

७९. **संसद विकास कोषः**
**गो.भौ. नं. ६ मिति २०७६।३।३०** बैजनाथ मा.वि. भवन निर्माण उपभोक्ता समितिले कार्य सम्पन्न नगरी सम्पूर्ण भुक्तानी माग गरेकोमा गाउँपालिकाले रनिङ बिलको भुक्तानी गर्नुपर्नेमा सो नगरी पहिलेको पेश्की फछ्र्यौट गरी बाँकी रकम रु.३५१५५०५।- पेश्कीको रुपमा भुक्तानी गरी पछि काम नभएको रकम रु.१५०००००।- भुक्तानी रोक्काको लागि बैंकलाई पत्राचार गरेको देखियो । निर्माणको कार्य बाँकी नै रहँदा आर्थिक वर्षको अन्तिममा सम्झौताको सम्पूर्ण रकम पेश्की दिने कार्य नियमसंगत देखिएन । भुक्तानी दिएको पेश्की असुल फछ्र्यौट गनुपर्ने रु. ३५१५५०५/

८०. **पेश्की बाँकीः** पेश्की दिइएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैको कर्तव्य हुनेमा कार्यालयले देहायको कर्मचारी तथा संस्थागत पेश्की रु. र मोबिलाइजेसन पेश्की रु. भुक्तानी दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछ्र्यौट गराउनु पर्ने देखिएको रु. ३५१८३२०/-

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|---|
| २०७५२३/१०/ | छडीखोला देखि खलिगडा जित कापडा खडेनी खानेपानी निर्माण, सोकट | खानेपानी संरचना निर्माण | २००००० |
| २०७६२३/०१/ | मोहन बहादुर शाह | बिउ खरिद | ३००००० |
| २०७५१७/१०/ | लक्ष्मी आ वि, मार्कु | भवन निर्माण | १७४९२० |
| २०७६३०/०३/ | छतारा आ वि, सोकट | भवन निर्माण | ७४६००० |
| २०७६३०/०३/ | धुर्बतारा आ वि, सिउडी | भवन निर्माण | ९२८००० |
| २०७६३०/०३/ | देविमांडू मा वि, दुनी | भवन निर्माण | ९५०४०० |
| २०७६३१/०१/ | मालिका इन्जिनियरिंग धनागढी | झोलुंगे पुल निर्माण | २१९००० |
| जम्मा | | | ३५१८३२०/- |

**आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरीसक्नु पर्ने व्यबस्थाभएतापनि देहायबमोजिमआन्तरिक लेखापरीक्षणबाट देखिएकाव्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।**

## वित्तियसमानीकरण चालु

८१. गौ७० .न.भौ. बाट स्वास्थ्य संयोजक कमल साउदलाई वार्षिक समिक्षा वापतको रु .७५५००/- भुक्तानी दिंदा पारिश्रमिक कर कट्टी गरिएको रकम बैंक दाखिला नगरिएकोले असुल उपर गरी दाखिला गर्नु पर्ने रु . ६८४०/-

८२. गौ बाट खेलकुद विकास प्रशिक्षकलाई रु १६२ .न.भौ..७०५००। — ७०५००/-

| | | |
|---|---|---|
| | भुक्तानी दिईएको भनिएकोमा कुन व्यक्तिलाई भुक्तानी दिईएको हो खुल्न नसकेको र बिल भरपाईसमेत नरहेकोले बिल भरपाई पेश गरी नियमित गर्नु पर्ने अन्यथा असुल उपर गरी दाखिला गर्नु पर्ने रु . | |
| ८३. | गोभ.ौ .न.२८३ बाट पदाधिकारी वैठक भत्ता वाफत रु.२४०००/- भुक्तानी गरिएकोमा पारश्रमिक कर कट्टि गरि दाखिला नगरेकोले पारिश्रमिक कर दाखिला गर्नु पर्ने रु. | ३६००/- |
| ८४. | गो .न.भौ.४१४ बाट मिति २०७६/२/२९ बाट कर्मचारी भर्नाको वैठक भत्तावापत रु.१८०००/ खर्च लेखिएकोमा नियमानुसार कट्टी नगरिएको दाखिला गर्नुपर्ने पारिश्रमिक कर रु. | २७००/- |
| ८५. | गो .न.भौ.४४३ बाट मिति खरिदार श्री सिद्धराज जोशीले सरुवा भ्रमण खर्च वापत रु१८००० ./ दैभुक्तानी लिएकोमा भ्रमण बिल .भ.भ्र. संलग्न नरहेको र म रमना दिने कार्यालय जिल्ला समन्वय १८९ .नं.फा.प.ले. समितिवाट प्रमाणित भएको हुनु पर्नेमा आवश्यक कागजात संलग्न नगरी खर्च भुक्तानी भएकाले खर्च दावीको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धितबाट असुल उपर गर्नुपर्ने रु . | १८०००/- |
| ८६. | गो बाट विभिन्न जातको मकैको बिउ खरिद ५२९ .न.भौ. गरे वापत मिति २०७६ को बिल नं २०/२/. ४२० उत्तम एग्रोभेट सेन्टर एण्ड अर्डर सप्लायर्स साँफेबगरलाई रु भुक्तानी दिएकोमा सो ०.६८००० . मकैको बिउ कार्यालयमा दाखिला तथा कृषकलाई वितरण गरेको भरपाई समेत नदेखिएकोले आवश्यक प्रमाण पेश गरी नियमित गरिनु पर्ने अन्यथा असुल उपर गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ६८०००/- |
| ८७. | मिति २०७६ मा विरुवा खरिद ३०/३/तथा धान दिवस कार्यक्रम खर्चको ना. प्रेम बहादुर महतको रु .स.प्रा.३८००००/-पेश्की फछ्र्यौट गर्दा नियमानुसार दाखिला गर्नुपर्ने कर तथा बहाल कर रु .८०००/ र अग्रिम कर रु .७०३१/ समेत गरी रु१५०३१ असुल हुनुपर्ने रु. | १५०३१/- |
| | **सशर्त अनुदान महिला तथा बालबालिका** | |

| | | |
|---|---|---|
| ८८. | गो९ .नं.भौ. ०७५ मा न्यायिक समितिलाई लैंगिक हिंसा १४/११/ निवारणमा क्षमता विकास तालिम संचालनको प्रशिक्षक भत्ता वापत खडकबहादुर खडकालाई रु । र अप्सरा कुँवरलाई५००० . रु . । भुक्तानी दिएकोमा पारिश्रमिक कर४००० कट्टी गरी दाखिला नगरेकोले सम्वन्धित वाट असुल उपर गरी दाखिला गर्नुपर्ने रु . | १३५०/- |
| | **सशर्त अनुदान शिक्षा तर्फ** | |
| ८९. | गो भौ नं ३० सिउड़ी मा वि , सिउड़ीमा कार्यरत सट्टा शिक्षकलाइ २०७५ माघ भन्दा उपरान्तको खर्च वित्तीय समानीकरण बाट खर्च लेख्नु पर्नेमा सशर्त अनुदानबाट खर्च लेखिएकोले संघीय संचित कोषमा रकम दाखिला हुनु पर्ने रु | २५५००/- |
| ९०. | गो भौ नं ४७ विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तर अन्तर्गत कार्यालयले विभिन्न विद्यालयलाइ निकासा दिदा कार्यक्रममा उल्लेख गरिए बमोजिम निकासा दिनु पर्नेमा आधार बेगर निकासा भएको रकम अनियमित देखिएको | २०००००/- |

| कार्यक्रम | बजेट | निकासा हुनु पर्ने | निकासा भएको रकम | निकासा भएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| पुस्तकालय | ६५०००० | ६५०००० १ विद्यालय | ४१६६६७ | देवीमांडू मा वि, दुनी | २००००० बढी निकासा |
| | | | २१६६६७ | शान्ति मा वि, मार्कु | |
| | | | २१६६६६ | दसपल्ले मा वि, सोकट | |
| विज्ञान सामग्री | ६५००००. | ६५०००० १ विद्यालय | ३२५००० | बैजनाथ मा वि, पायल | |
| | | | ३२५००० | दयापिपलतोला मा वि, लुंग्रा | |
| ICT | ६५००००. | ६५०००० १ विद्यालय | ६५०००० | सिउड़ी मा वि, सिउड़ी | अनुगमन, कार्यसम्पन पेश नभएको |
| उत्कृष्ट सिकाई उपलब्धि | २००००० | २००००० १ विद्यालय | २२५००० | बैजनाथ मा वि, पायल | |
| कार्यसम्पादन अनुदान | २५०००० | ५०००० को ५ विद्यालय | २२५००० | दयापिपलतोला मा वि, लुंग्रा | |

| | | |
|---|---|---|
| ९१. | गो.भौ नंअनुसार गाउँपालिकामा ३०/३/२०७६ मिति ५८ . रहेका ४ वटा सामुदायिक सिकाई केन्द्रहरुको सञ्चालन तथा प्रस्तावमा आधारित साक्षरता सम्बन्धि क्रियाकलाप संचालनको लागि प्रति केन्द्र रु | |

<table>
<tr><td></td><td>२००००० का दरले ००. निकासा दिएकोमा साक्षरता सम्बन्धी क्रियाकलाप संचालनसम्बन्धी बिल भरपाईसमेत खर्च यकिन गरी कार्यक्रमको अनुगमन गरी प्रभावकारिता सुनिस्चित गर्न थप अनुदान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त अनुदान स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>१२.</td><td>कार्यालयले स्वास्थ्य तर्फका कार्यालय सहयोगीहरुलाई तलब भत्ता भुक्तानी दिदा श्रेणी बिहिन कर्मचारीहरुले पाउने अधिकतम ग्रेड संख्या भन्दा बढी र स्तर वृद्धि पश्चात भुक्तानी भएको ग्रेडको निम्नानुसार रकम अशुल उपर गरि संघीय संचित कोषमा दाखिला हुनु पर्नेरु
<table>
<tr><th>नाम थर</th><th>कार्यरत स्वाचौकी .</th><th>तह</th><th>पाउनु पर्ने ग्रेड रकम</th><th>भुक्तानी भएको ग्रेड रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>रमेश ब खडका</td><td>चौरमांडू स्वा चौकी</td><td>चतुर्थ</td><td>१०५९२</td><td>२६४८०</td><td>१५८८८</td></tr>
<tr><td>भक्त बहादुर बोहरा</td><td>लुंग्रा स्वा चौकि</td><td>चतुर्थ</td><td>१०५९२</td><td>२६४८०</td><td>१५८८८</td></tr>
<tr><td>गगन बहादुर बोगटी</td><td>मार्कु स्वा चौकी</td><td>चतुर्थ</td><td>१०५९२</td><td>२६४८०</td><td>१५८८८</td></tr>
<tr><td>टिका राम साउद</td><td>सोकट स्वा चौकि</td><td>चतुर्थ</td><td>१०५९२</td><td>२६४८०</td><td>१५८८८</td></tr>
<tr><td>भोजे साउद</td><td>दुनी स्वा चौकी</td><td>चतुर्थ</td><td>१०५९२</td><td>२२५०८</td><td>११९१६</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२९६०</td><td>१२८४२८</td><td>७५४६८</td><td></td></tr>
</table></td><td>७५३८८/-</td></tr>
<tr><td>१३.</td><td>कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीहरुलाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती सोधभर्ना वाफत भुक्तानी दिदा आमा सुरक्षा कार्यक्रमको मासिक प्रतिवेदन अनुसूची फारम संलग्न नराखी भुक्तानी दिएको देखियो। आगामी दिनमा सम्पूर्ण चौकिहरुबाट विवरण पेश गर्न</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | लगाई सोको आधारमा निकासा दिनु पर्दछ | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| १४. | गो मा न्यू कुंवर २६/०३/२०७६ मिति ७.नं.भौ. ट्रेडर्स एण्ड अर्डर सप्लायर्स साँफेबगरलाई विभिन्न सामान खरिद वापतको रकम भुक्तानी गर्दा मु मा अग्रिम कर कट्टी नगरेकोले .५०२९०.कर वाहेकको रु.अ. प्रतिशत मुल्य अभिवृद्धि कर कट्टि गर्नुपर्नेमा सो ५० तथा ०.७५४.रु नगरी पुरै मूल्य अभिवृद्धि कर भुक्तानी भएकोले सो कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गरी दाखिला गर्नुपर्ने रु | ७५४.० |
| १५. | गो भौ नं २०७६ मिति ../३ चाङ मौरी निर्माण उपभोक्ता २३/ समितिलाई चाङ मौरी निर्माण वाफत गाउँपालिकाबाट ५००००० र ००. ७००००० गरि २००००० वडा कार्यालयको योजनाबाट रु को अनुदानमा गाउपालिका तर्फको भुक्तानी दिदा मो सकिल ट्रेडर्स एण्ड सप्लायर्सबाट खरिद गरिएका सम्गरिको बिल रकम रु ४६०८००भ्याट) को अग्रिम कर रकम अशुल उपर (बाहेक हुनुपर्ने रु | ६९१२.० |

**अनुसूची १**

## चौरपाटी गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | चौरपाटी गाउँपालिका | अछाम | ६०७०७ | ९०४५४ | १५५०२५ | १७१७६३ | ४१७२४२ | २८३९०० | १६७४४० | ० | ४५१३४० | २६६०९ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | चौरपाटी गाउँपालिका | ४४ | ५७ | ५०५९३ | ० | ० | ० | ४४ | ५७ | ५०५९३ | १५७४ | २०७४९ | २१२३७ | ० | ० | ४१९८६ | ० | ७०३३ | ७०३३ |

**अनुसूची-३**

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | चौरपाटी गाउँपालिका | अछाम | ७५४८ | ० | ७५४८ | ० | ५०५९३ | ५८१४१ |